जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १६३ २०७९ साल माघ १३ गते शुक्रबार (27 Jan. 2023 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पेट्रोलियम पाइपलाइन परियोजना. ३ पृष्ठमा : निर्वाचन व्यवस्थापनमा सुधार हुँदै ... ३ पृष्ठमा अफ्रिकी देशलाई दश अर्ब..

# जनप्रतिनिधिसहित एकै परिवारका तीन जनामाथी निर्घात कुटपिट

**दैनिक समाचारदाता**
**राजविराज, १२ गते ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिमा स्वास्थ्य चौकी क्षेत्र भित्र रहेको जग्गामा बाख्रा चराउन नदिएपछी भएको विवादका क्रममा एक जनप्रतिनीधीसहित उनका परिवारका तीन जनामाथी निर्घात कुटपिट भएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ का वडा सदस्य योगेन्द्र प्रसाद शर्मा, उनका छोरा संजय र बुवा विन्देश्वरलाई सोही वडा निवासी जयनाथ शर्माको अगुवाईमा रहेको समुहले कुटपिट गरेको घाईते पीडितहरुले बताएका छन् ।

कुटपीटबाट वडा सदस्य योगेन्द्र र उनका बुआ विन्देश्वरको शरीर भरी निलडाम देखिएको छ भने उनका छोरा संजयको वायाँ हात भाच्चिएको छ । घाईते तीनै जनाको अहिले राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

घट्ना विवरण अनुसार सो वडास्थित स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टर निर्माणका लागी जयनाथका बुवाले जग्गा दान गरेका थिए । हाल उक्त जग्गामा स्वास्थ्य चौकी निर्माण कार्य पुरा भएको छ भने वर्थिङ्ग सेन्टर निर्माण कार्य अन्तिम चरणमा रहेको छ । आफ्नो वुवाले दान गरेको जग्गामा बाख्रा चराउन गएको वेला नातीलाई हप्काएर स्वास्थ्य चौकीका प्रमुख राजाबाबु मेहता तथा वडा सदस्य योगेन्द्रले फिर्ता पठाइदिएको जयनाथको भनाई छ ।

आफ्नो बाबुले दिएको जग्गामा बाख्रा चराउन पाउनु पर्छ भन्दै जग्गा दाता छोटकैन शर्माका छोरा जयनाथ शर्माले अडान लिए पछी विवाद सुरु भएको तथा एक्कासी लठीले अन्धाधुन्द आक्रमण गर्न सूरु गरेका घाइते वडा सदस्य योगेन्द्रले बताए ।

उनले स्वास्थ्य चौकी तथा वर्थिङ्ग सेन्टरको कम्पाउण्ड भित्र हजारौ रकम खर्चेर बनाएको बगैचा बाखाले नास गर्न थालेपछी पटक पटक सम्झाउदा पनि अटेर गरेको र बुधवार साँझ उल्टै आक्रमणमा उत्रेको बताए ।

स्वास्थ्य चौकीका इन्चार्ज राजाबाबु मेहताले जग्गा दाता परिवारका जयनाथ शर्मालाई पटक पटक यस चौकी भित्र बाख्रा चराउन न पठाउन अनुरोध गर्दा उल्टै गाली गलौजमा उत्रिने गरेको गुनासो सुनाए ।

घाईतेहरुको तर्फबाट विहीवार जिल्ला प्रहरी कार्यालय सप्तरीमा जयनाथ, उनका छोरा मनोज तथा कुटपिटमा संलग्न उनकै परिवारका अन्य सदस्यहरु विरुद्ध जाहेरी दिएको वडा अध्यक्ष जय प्रकाश ठाकुरले बताए ।

उनले यस अघि पनि पटक पटक जग्गादाता परिवारका जयनाथले स्वास्थ्य चौकि र वर्थिङ्ग सेन्टर कम्पाउण्ड भित्र बाख्रा चराउन बालबालिकालाई पठाउने गरेको र रोक्न खोज्दा आफुलाई समेत जयनाथले गाली लगौज गर्ने गरेको सुनाए ।

यता जग्गादाता परिवारका आरोपित जयनाथले वड सदस्य योगेन्द्र सहितको टोलीले सुरुमा आफुहरुमाथी नै आक्रमणको प्रयास गरेको र प्रतिकार गर्दा उनीहरुलाई समान्य चोट लागेको दाबी गरेका छन् । उक्त घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेश प्रदेशका तीन मन्त्रीले पाए जिम्मेवारी

**दैनिक समाचारदाता**
**राजविराज, १२ गते ।**

मधेश प्रदेश सरकारका मन्त्रीहरुले बिहीबार विभिन्न मन्त्रालयहरुको जिम्मेवारी पाएका छन् ।

प्रदेश प्रमुखको कार्यालय जनकपुरधामका निमित्त कार्यालय प्रमुख शत्रुघन यादवद्वारा जारि विज्ञप्तिमा प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले मन्त्रिपरिषद्मा कार्य विभाजन तोकिएको उल्लेख छ ।

सो विज्ञप्ति अनुसार मन्त्री सरोज कुमार यादवले भौतिक पूर्वाधार विकास मन्त्रालय, मन्त्री संजय कुमार यादवले अर्थ मन्त्रालय र मन्त्री बसन्त कुमार कुशवाहाले भूमि, व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

यस्तै मख्यमन्त्री सरोजकुमार यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बाणिज्य, आपूर्ती तथा विज्ञान प्रविधि मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, महिला, बालबालिका, यूवा तथा खेलकुद मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, गृह तथा संचार मन्त्रालय, सामाजिक विकास मन्त्रालय र कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय हाललाई आफै जिम्मेवारी लिएका छन् ।

# कैदीबन्दीले पनि मनाए सरस्वती पुजा



**दैनिक समाचारदाता**
**राजविराज, १२ गते ।**

राजविराज कारागारका कैदीबन्दीले समेत यस पटक सरस्वती पूजा धुमधामका साथ मनाएका छन् । विशेष गरि बसन्त पञ्चमीका अवसरमा विद्यार्थी तथा शिक्षकले मनाउने यो पुजा यस पटक कैदीबन्दीहरुले पनि मनाएका हुन् ।

उनीहरुले कारागार भित्र रहेको क र ख दुबै ब्लकमा सरस्वती देवीको माटाका मुर्ती स्थापना गरि भव्य साज सजावट समेत गरेका छन । मुर्ती राखिएको ठाँउ र वरीपरी रंगी चंगी कागजले सजाएर उनीहरुले पुजापाठ गरेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार




## तपाईकै सहर राजविराजमा

आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## मौकाको फाइदा उठाउनु होस

**यही मिति २०७९ माघ १४ गते शनिबारका दिन सिद्धार्थ आई केयर का मेडिकल डाइरेक्टर तथा सगरमाथा आँखा अस्पताल प्रा.लि.का संचालक डा. संजय कुमार सिंहले सेवा यही अस्पतालमा दिने भएकोले मौकाको फाइदा उठाउनु हुन अनुरोध छ ।**



**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

## सम्पादकीय

### विद्यालयबाट दण्डहीनता हटाउनु जरुरी

विद्यालयहरुलाई पूर्ण रुपमा दण्डशालाका रुपमा परिणत हुनबाट बचाउन सकिएको छैन । अहिले विद्यालयहरु दण्डशाला होइनन् भन्ने मानसिकतामा थोरै परिवर्तन आइरहेको छ । विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति भने गर्न सकिरहेका छैनन् । विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन ।

बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसरकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकतर शिक्षकले भने विद्यार्थीहरुलाई लठ्ठीले नै अनुशासित बनाउन सकिन्छ भने मानसिकता छोड्न सकेका छैनन् । नागरिक समाजले मात्र नभई सरकार स्वयंले विद्यालय शान्ति क्षेत्र घोषणा गरेको कुरा कागजी रुपमा मात्र कार्यान्वयन हुनु भनेको लज्जाको विषय हो ।

विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु पर्ने हो भने विद्यालयमा हुने दण्डका घटनाहरु न्यून हुँदै विस्तारै अन्त्य हुन सक्छ । यसका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पनि उत्तिकै जिम्मेवार भई कार्य गर्नुपर्ने आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# पेट्रोलियम पाइपलाइन परियोजना : दोस्रो चरणको काम तीव्र

अमलेखगञ्ज, १२ माघ (रासस) ।

नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम तीव्ररुपमा अघि बढेको छ ।

नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालयअन्तर्गत बाराको अमलेखगञ्जस्थित डिपोमा पेट्रोल टयाङ्क, ट्रान्समिक्स टयाङ्कलगायत संरचना निर्माण थालिएको हो । बुधबार अमलेखगञ्जस्थित कार्यालयमा सञ्चारकर्मीसँग अन्तर्क्रिया गर्दै कार्यालयका प्रमुख प्रदीपकुमार यादवले आवश्यक सबै तयारी पूरा गरी निर्माण कार्य अघि बढाइएको जानकारी दिनुभयो ।

उक्त योजनाअन्तर्गत चार हजार एक सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, २५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे (रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरिने छ ।

त्यस्तै, फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुटयाउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माणसमेत यही योजनाअन्तर्गत निर्माण हुनेछ । लिखिता इन्फास्ट्रक्चर प्रालिले एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी सबै पूर्वाधार निर्माणको ठेक्का दिइएको कार्यालयले जनाएको छ ।

उक्त योजनाका लागि नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनले संयुक्तरुपमा लगानी गर्ने गरी सम्झौता गरेका छन् । यसअन्तर्गत दुई पेट्रोल ट्याङ्कमध्ये निगम र आइओसीले एक/एक ट्याङ्कको लागत बेहोर्नेछन् । त्यस्तै, पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय पक्षले निर्माण गरिदिनेछ । यसो गर्दा आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च हुने अनुमान गरिएको कार्यालय प्रमुख यादवले जानकारी दिनुभयो ।

निगमले एउटा पेट्रोल ट्याङ्क, २४ रिफिलर, प्रयोगशाला, फायरफाइटिङ सिस्टम, ओडब्ल्युएस र पीएमसीसी कक्षको निर्माण गर्नेछ । यो समेत गरी निगमको एक अर्ब ५४ करोड भारतीय रुपैयाँ बराबरको खर्च हुने अनुमान रहेको उहाँले बताउनुभयो । यो आयोजना यही वर्षको डिसेम्बरसम्म निर्माण सम्पन्न भई अङ्ग्रेजी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ ।

योसँगै २०७६ भदौदेखि डिजेल मात्रै आयात भइरहेको पाइपलाइनबाट पेट्रोल समेत आयात सुरु हुनेछ । एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले टयाङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता थियो । आयोजना निर्माण सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुनेछ ।

यसबाट अमलेखगञ्जदेखि बरौनीसम्म आयातका लागि प्रयोग हुँदै आएको टयाङ्करको सङ्ख्या शून्य हुनेछ । यसबाट प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख यादवको भनाइ छ । यसबाट वार्षिक करिब रु १५ करोड बचत हुने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।

यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ । ९० दिनका लागि इन्धन भण्डारण गर्ने सरकारको नीतिअनुसार यसपछि थप पाँच/पाँच हजार किलोलिटर क्षमताको ट्यांक निर्माणको तयारीसमेत सुरु गरिएको उहाँको भनाइ छ । यसको ठेक्का रेलिगेर कन्स्ट्रक्सन प्रालिले ठेक्का पाएको छ । उक्त योजना समेत निर्माण सम्पन्न भएपश्चात् पाँच दिनको माग धान्नसक्ने डिजेल र सात दिनको माग धान्नसक्ने पेट्रोलको भण्डारणको क्षमता पुग्ने कार्यालयले जनाएको छ ।

# हिउँदे वर्षा नहुँदा किसान चिन्तित

महोत्तरी, १२ माघ (रासस) ।

माघ दोस्रो साता लागेसँगै पारिलो घाम लाग्न थालेपछि त्यसअघिको बाक्लो हुस्सु र चिसो स्याँठको मुटु कमाउने जाडोबाट राहत मिलेको छ । महोत्तरीसहितका मध्यपूर्वी तराईमा गत आइतबारयता बिहानै घाम लागेर आङ तात्दै गए पनि सर्वसाधारण किसान भने मन खुलाएर खुसी छैनन् ।

यसपाली पानी नै नपरी हिउँद सकिन लागेपछि किसानमा खुसी छाउन नसकेको हो । हिउँदे वर्षा नहुँदा खेतबारीका बालीका बिरुवा ऋकँदै गएको हेरेर चित्त बुझाउनुपरेको किसानको भनाइ छ । “ल हेर्नोस्, अब पारिलो घाम लागेर जिउ त तात्न थाल्यो, बाक्लो हुस्सु फाटेर झलमल्ल उज्यालो देखिँदा खुसी नै हुनुपर्ने हो”, बलवा नगरपालिका-१० धमौराका ७० वर्षीय वासुदेव पासवानले भन्नुभयो, “यसपाली पानी नपरी हिउँद बित्यो, आउने दिन खुसीका हुने छैनन् ।” हिउँदे वर्षा नहुँदा बालीनाली हुर्कन नसकेको र अब चाँडै पानीका मुहान सुक्दै जाने पासवानले चिन्ता व्यक्त गर्नुभयो ।

हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोषिलो हुने यहाँका पाका किसान बताउँछन् । भर्खरै हुर्कँदै गरेका वैशाखी लहरे तरकारी, उखु, अन्नबालीमा गहुँ र आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ । यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने चिन्ता बढेको भङ्गाहा नगरपालिका-४ पलारका ७५ वर्षीय किसान चौठी बाँतर बताउनुहुन्छ ।

हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोत इनार, चापाकल पनि गर्मी चढेसँगै चाँडै सुक्ने गरेका छन् । भङ्गाहा-४ कै रामनगरका ८० वर्षीय किसान रामनन्दन महतो यसपाली हिउँदमा पानी नपरी माघ दोस्रो साता लागेसँगै घाम चर्कँदै गएको हुँदालगत्तै खानेपानीको हाहाकार पर्नसक्ने बताउनुहुन्छ ।

“माघ मध्यअघि नै खोल्साखोल्सी सुक्दैछन्, विगतका सदाबहार भुल्के पानीका मुहानमा अहिल्यै पानी देखिन छाडेको छ”, बर्दिबास नगरपालिका-५ गणन्ताका ८० वर्षीय धनबहादुर स्याङ्वा भन्नुहुन्छ, “अब यी पाखा बारीमा हरियो देखिने छाँट छैन ।”

फलफूल खेती (आँप, लिची, सपाटो र रुखकटहरसहितका फल) सघन हुने बर्दिबास नगरपालिकाका बिजलपुरा, पशुपतिनगर, खयरमारा, चेरु, टुटेश्वर, पाटु, वरडाँडा र माइस्थानका किसान यसपाली हिउँदे वर्षा नभएपछि फलका रुखमा मञ्जर (मञ्जरी) कम लाग्ने, मञ्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्तामा किसान छन् । यसैगरी जिल्लाकै फलफूल खेतीको पकेटक्षेत्र मानिने गौशाला नगरक्षेत्रका भरतपुर, लक्ष्मीनियाँ र बेलगाछीका किसान पनि हिउँदे वर्षा नहुँदा अपेक्षित उत्पादन लिन नसकिने चिन्ता व्यक्त गर्छन् ।

हिउँदे वर्षा बालीनालीका लागि माटो भिजाउने मात्र नभई रोग लाग्न नदिने र बाली हलक्क बढाउने अमृतसरह भएको किसानको अनुभव छ । “हिउँदे वर्षा सिँचाइका लागिमात्र होइन, बालीको पोषण र रोग प्रतिरोधका लागि पनि रामवाण हुन्छ”, बर्दिबास-९ पशुपतिनगरका ८० वर्षीय किसान नथुनी महतो भन्नुहुन्छ, “हिउँदे वर्षा नहुँदा प्रकृतिका सन्तुलन खलबलिन्छन्,

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# निर्वाचन व्यवस्थापनमा सुधार हुँदै गएको छ : प्रमुख निर्वाचन आयुक्त

काठमाडौँ, १२ माघ (रासस) ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सामाजिक सञ्जाललाई नियमन गर्न नीति बनाइएपछि निर्वाचन व्यवस्थापनमा सुधार हुँदै गएको बताउनुभएको छ ।

नेपाल कानून आयोगले आयोजना गरेको 'प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९, आमसञ्चार पर्यवेक्षण प्रतिवेदन' माथिको छलफलमा उहाँले निर्वाचन अगाडि सामाजिक सञ्जालमध्ये फेसबुक र टिकटकसँग सहकार्य नै गरेर काम गर्दा सहज भएको बताउनुभयो ।

उहाँले सामाजिक सञ्जाललाई प्रेस काउन्सिल नेपालले आफ्नो दायरामा ल्याएर अनुगमन गर्नुपर्ने र सामाजिक सञ्जाल पनि आमसञ्चारमाध्यमकै रूपमा स्थापित हुन खोजिरहेको हुँदा एउटा दायरामा ल्याएर नियमन तथा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रेस काउन्सिल नेपालले गर्नुपर्ने कामका बारेमा उल्लेख गर्दै उहाँले भन्नुभयो, "प्रेस काउन्सिल नेपाललाई एउटा अनुरोध के छ भने अहिले हामीले जुन प्रतिवेदन बनायौँ, प्रतिवेदनमा ९० प्रतिशत कुरा यिनै होलान्, हामीले यस्तो सफ्टवेयर डेभलप गर्नुपर्छ, अनधिकृतरूपमा प्रकाशित, प्रसारित हुने विषय स्वतः आउने व्यवस्था गर्नुपर्छ ।"

कार्यक्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले आफूले पनि निर्वाचनको अनुगमन गर्ने मौका पाएको र काठमाडौँ, भक्तपुर र ललितपुरमा निर्वाचनको अनुगमन गर्दा पहिलाको तुलनामा धेरै शान्तिपूर्वक निर्वाचन हुने गरेको बताउनुभयो ।

"पहिला-पहिला निर्वाचनमा धेरै खालको समस्या देखिन्थ्यो, झडप हुने, झमेला हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले देशभर केही सामान्य घटनाबाहेक निर्वाचन शान्तिपूर्ण भयो, त्यो सकारात्मक विषय हो ।"

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले निर्वाचनलाई मिथ्या, भ्रामक सूचना नियन्त्रण गर्नका लागि संयन्त्र नै बनाएर काम गरेको र त्यसले सकरात्मक नतिजा दिएको बताउनुभयो ।

# विधिको शासन र बेथिति अन्त्य गर्ने काम प्राथमिकतामा : मुख्यमन्त्री यादव

कलैया, १२ माघ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आफूले भ्रष्टाचार नगर्ने र भ्रष्टाचार गर्नेलाई नछाड्ने बताउनुभएको छ । कलैयामा नगरसभा गृहको आज शिलान्यास गर्दै मुख्यमन्त्री यादवले प्रदेशमा सुशासन, विधिको शासन कायम र बेथितिलाई अन्त्य गर्ने काम प्राथमिकतामा रहने बताउनुभयो । ऋबस"म एउटा यस्तो सौभाग्यशाली मुख्यमन्त्री छु कि मेरो विपक्षमा एक जनाले पनि मत नदिएको हुँदा सबैको अपनत्व हुने गरी प्रदेशमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु", उहाँले भन्नुभयो ।

मधेस प्रदेशमा विकासका पूर्वाधार अगाडि बढाउँदै नेपालमै नमूना प्रदेशको रूपमा विकास गर्ने सोच रहेको मुख्यमन्त्री यादवले बताउनुभयो । उहाँले सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी काम अगाडि बढाउने बताउनुभयो । जिल्लाको सदरमुकामबाट नै विकासको थालनी गर्ने अभियानको रूपमा पनि पहिलोपटक कलैया उपमहानगरपालिकाबाट विकासको आयाम सुरुआत गरेको उहाँको भनाइ थियो ।

कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साहको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सांसद अच्युत मैनाली, संविधानका सदस्य प्रमोद गुप्ता, प्रदेशसभा सदस्य महम्द समिर, निवर्तमान प्रदेश सांसद पारस साह, सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद साहलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले नगर सभागृहका लागि रु पाँच करोड ६० लाख ९५ हजार तीन सय ८८ लाग्ने बताउनुभयो । विसं २०८० जेठ मसान्तसम्ममा निर्माण कार्य सक्ने जनाइएको छ ।

# राहदानी सेवा द्रुत बनाउन कार्ययोजना बनाइँदै

काठमाडौँ, १२ माघ (रासस) ।

राहदानी विभागले सेवाग्राहीको भीड घटाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी गरेको छ । राहदानी लिनका लागि विभागमा सेवाग्राहीको हुने भीड अझै हट्न नसकेका कारण भीड घटाउन कार्ययोजना बनाउने तयारी गरिएको विभागले जनाएको छ ।

विभागमा सधैँ सेवाग्राहीको भीड बढ्दै जान थालेका कारण घटाउन कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी भइरहेको विभागका निर्देशक तथा प्रवक्ता दुरुपदा सापकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, "सेवाग्राहीको घण्टौं लामो लाइन तथा भीड घटाउन हामीले कार्ययोजना बनाएर कार्यान्वयन गर्ने तयारी गरेका छौं तर कस्तो किसिमको कार्ययोजना बनाउने त्यस विषयमा गृहकार्य हुँदैछ ।"

कार्ययोजनाको खाका छलफलकै क्रममा रहेको र यसको जिम्मेवार सबै निकायबाट पारित भएपछि कार्यान्वयन हुने प्रवक्ता सापकोटाको भनाइ छ । राहदानी विभागमा अबका दुई/तीन महिनामा देखिने गरी सुधार हुने उहाँको दाबी छ । विभागको सफ्टवेयरमा आउने समस्यादेखि अन्य विविध कारणले सेवाग्राही घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता अझै कायमै रहेको सेवाग्राहीको गुनासो छ ।

यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गृहमन्त्री रवि लामिछानेले भीड व्यवस्थित गर्न निर्देशन दिनुभएको थियो । राहदानी विभाग बाहिर राहदानी बनाउनेको भीड अहिले पनि उस्तै रहेको बताइएको छ ।

अनलाइनमा आवेदन दिन तथा कार्यालयमा गएर फोटो खिच्ने र बायोमेट्रिक गर्ने समय पाउनै मुस्किल हुने तथा त्यसैमाथि साइट नचल्ने, जसोतसो साइट खुलिहाले पनि आवेदन पेस गर्न नसकिने समस्या हुने गरेको सेवाग्राहीको गुनासो छ । राहदानी विभागमा हुने समस्या र सेवाग्राहीको गुनासो सम्बोधन गर्न पहल भइरहेको प्रवक्ता सापकोटाले बताउनुभयो ।

### *हिउँदे वर्षा ...*

जतातते यसको असर बढ्नेछ ।"

हिउँदे वर्षाको मानव र यावत् जीवजन्तुको स्वास्थ्य र अन्य आहारव्यहारमा पनि सकारात्मक प्रभाव हुने विगतमा पशुपतिनगर गाविस छँदा अध्यक्षसमेत रहनुभएका महतोको थप भनाइ छ । "यसपाली हिउँदे वर्षा भएन, खै के उल्का उत्पात व्होर्नु पर्ने हो", महतोले चिन्ता व्यक्त गर्दै भन्नुभयो ।

जिल्लाको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अधिकांशमा आकाशे पानीको भरमा खेती गरिन्छ । यहाँ १० प्रतिशतमात्र खेतीयोग्य जग्गामा स्थायी सिँचाइ पुगेको छ । हिउँदे वर्षा नहुँदा पानीका मुहान चाँडै सुक्ने र विभिन्न रोगव्याधका प्रकोप पनि बढ्ने गर्छन् ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### अफ्रिकी देशलाई दश अर्ब अमेरिकी डलर सहयोग

डकार, १२ माघ (रासस/सिन्ह्वा) ।

अफ्रिकी विकास बैङ्कले अफ्रिकी देशहरुमा खाद्य सुरक्षाको प्रयोजनका लागि आर्थिक सहयोग गर्ने भएको छ । सो सहयोगको रकमबाट अफ्रिकाका देशमा खाद्य सुरक्षाका लागि आवश्यक कार्यक्रम तथा आयोजना सञ्चालन गरिने बताइएको छ ।

अफ्रिकी विकास बैङ्कका अध्यक्ष अकिनुवी अकेसिनाले बुधबार सो कुराको जानकारी दिनुभएको समाचारमा जनाइएको छ ।

अफ्रिकी देशमा कृषिको विकास तथा यससम्बन्धी आयोजनाको सञ्चालनका साथै यसका माध्यमबाट त्यहाँ खाद्यान्नको सुरक्षा गर्ने विषयमा सो बैङ्कले अहिलेका लागि १० अर्ब अमेरिकी डलर बराबरको सहयोग दिन थालेको उहाँले जानकारी दिनुभयो ।

डकार खाद्य सुरक्षासम्बन्धी दोस्रो सम्मेलनका क्रममा बुधबार अध्यक्ष अदेसिनाले सो घोषणा गर्नुभएको हो ।

उहाँले भन्नुभएको थियो सो रकम ती देशहरुलाई उपलब्ध गराउने प्रत्यक्ष सहयोग हो र यसबाट खाद्यान्न खरिद गर्नुका साथै कृषिका आयोजनाहरु सञ्चालन गरेर खाद्यान्न उत्पादनका काममा प्रयोग गर्न सकिनेछ ।

सो सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभएको थियो- अफ्रिकी देशहरु अहिले पनि आफ्ना उत्पादनहरुको निर्यातको सट्टा खाद्यान्नको आयातमा निर्भर हुनु परिरहेको छ र यो ठूलो दुर्भाग्य पनि हो ।

अहिले पनि विश्वको खेतीयोग्य जमिनको ठूलो हिस्सा अफ्रिकी देशहरुमा पर्दछ तर यहाँका नागरिक भोकै सुत्नुपर्ने अवस्था छ भन्दै उहाँले सबै देशहरुलाई उत्पादनका क्षेत्रमा लाग्न आग्रह पनि गर्नुभएको थियो ।

डकारमा बुधबार सुरु भएको सो सम्मेलन यही शुक्रबारसम्म सञ्चालन हुनेछ । सो सम्मेलनमा अफ्रिकामा खाद्यान्नको सहयोग भन्दा पनि उत्पादनका लागि के कसरी तयारी गर्ने भन्ने बारेमा छलफल हुने भएको छ ।

### सुरक्षा कारबाहीमा अल सबाबका तीन सय लडाका मारिए

मोगादिसु, १२ माघ (रासस/सिन्ह्वा) ।

सोमालियामा यहाँको सेनाले यहाँका विद्रोही अल सबाबका विरुद्धमा जारी राखेको कारबाहीका क्रममा एक सातामा कम्तीमा पनि तीन सय जना लडाका मारिएका छन् ।

यहाँका सैन्य अधिकारीहरुले बुधबार दिएको जानकारीअनुसार यहाँ गएको एक हप्तायता जारी राखेको कारबाहीका क्रममा ती सेना मारिएका हुन् । मारिनेमा दुई जना अल सबाब सशस्त्र समूहका दुई जना कमाण्डर पनि रहेका छन् ।

देशव्यापी रुपमा गरिएको कारबाहीमा उनीहरु मारिएका यहाँका एक सैन्य अधिकारीले जानकारी दिएका छन् ।

बुधबार यहाँको सरकारले आयोजना गरेको एक पत्रकार सम्मेलनमा सोमाली सरकारका सूचना मन्त्री दाउद अवेस जामाले पनि सो कुराको पुष्टि गर्नुभएको छ ।

उहाँले सो कारबाहीका क्रममा अल सबाब सशस्त्र समूहका तीन सय २३ जना लडाकाहरुको ज्यान गएको र अरु कैयौं घाइते भएका जानकारी दिनुभयो ।

उहाँले यहाँको सेनाले अल सबाबका लडाकाहरुका विरुद्धमा विशेष प्रतिरक्षात्मक कारबाही सुरु गरेको र यो कारबाही अझै केही दिन रहने पनि बताउनुभएको थियो ।

### युक्रेनमा व्यापक हवाई आक्रमण

किएभ, १२ माघ (रासस/एएफपी) ।

रुसी सेनाले बिहीबार युक्रेनको हवाई प्रतिरक्षा प्रणालीमा दबाब दिने आक्रमणको क्रममा ३० भन्दा बढी क्षेप्यास्त्रहरू देशभरी प्रहार गरेको छ ।

'हामी ३० भन्दा बढी क्षेप्यास्त्रको प्रहार भएको अनुमान गरेका छौ, यी क्षेप्यास्त्र पहिले नै विभिन्न क्षेत्रहरूमा देखा पर्न थालेको छ' युक्रेनी सेनाका प्रवक्ता युरी इग्नाटले स्थानीय सञ्चार माध्यमलाई जानकारी दिनुभएको छ ।

### नाइजेरिया विष्फोटमा सत्ताइस जनाको मृत्यु

अबुजा, १२ माघ (रासस/सिन्ह्वा) ।

मध्य नाइजेरियाको नासारवा राज्यमा मङ्गलबार राति भएको विष्फोटमा २७ जनाको ज्यान गएको बिहीबार प्रहरीले पुष्टि गरेको छ ।

विष्फोटमा ज्यान गुमाएका २७ जनाको शव फेला परेका नासारवाका प्रहरी प्रवक्ता रमहान नान्सेलले जानकारी दिएका छन् । घटनामा ज्यान गुमाएका सबै फिरन्ते पशुपालक भएका उनले जनाएका छन् ।

विष्फोटको कारण पत्ता लगाउन प्रहरीका साथै अन्य सुरक्षा निकायका अधिकारी परिचालन गरिएको छ । नासारवाका गभर्नरले विष्फोटलाई दुर्भाग्यपूर्ण भन्दै दोषीलाई कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# मिथिलाकपको चौथो संस्करण माघ १४ देखी २६ सम्म




**दैनिक समाचारदाता**
**राजविराज, १२ गते ।**

चैाथो मिथिला कप टि २० क्रिकेट प्रतियोगिता माघ १४ गतेदेखी सुरु हुने भएको छ। युवा शक्ती क्लब विष्णुपुरको आयोजना संचालित उक्त प्रतियोगिता माघ २६ गते सम्म संचालन हुने भएको छ।

क्लबले विहीवार पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगितमा प्रदेश १ का ३, मधेश प्रदेशका १०, बागमती प्रदेशका १ र छिमेकी राष्ट्र भारतका २ गरी १६ टिमको सहभागिता रहने जानकारी गराएको छ।

क्लबका अध्यक्ष इन्जिनीयर रवीन्द्र यादवका अनुसार करिब १५ लाख खर्च हुने अनुमान गरीएको प्रतियोगिताका विजेता टिमले १ लाख नगद र ट्रफी तथा उपविजेता टिम ५० हजार नगद र ट्रफी पाउने छन।

यस्तै विभिन्न विद्यामा उत्कृष्ट खेलाडीले समेत पुरस्कार पाउनेछन। नकआउट प्रणालीको आधारमा खेलाईने सम्पुर्ण खेल राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा सम्पन्न हुने छ।

प्रतियोगिता संचालनका लागी विष्णुपुर गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका, छिन्नमस्ता गाउपालिका, रुपनी गाउँपालिका, बोदे वर्साईन नगरपालिका, राजविराजनगरपालिका, एस के इन्जिनीयरिङ्ग कन्सल्टेन्सी, अर्ना सिमेन्ट, मुक्तीनाथ विकास बैंक, मिलन डेरी, शिब्स बोडिङ्ग स्कुल लगायतका पालिका, शिक्षण संघ सस्था, प्रतिष्ठान र विभिन्न संघ संस्थाबाट आवश्यक सहयोग प्राप्त हुने आयोजक समितीका कोषाध्यक्ष नन्दकिशोर गुप्ताले जानकारी दिए।

सप्तरी क्रिकेट संघको समन्वयमा गरिन लागेको प्रतियोगिताको मुख्य प्रायोजक रहेका विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले उदघाटन गर्ने कार्यक्रम तय भएको आयोजक समितीले जनाएको छ।

## *कैदीबन्दीले पनि ...*

पुजाका लागी कैदीबन्दीहरुले एक आपसमा चन्दा समेत संकलन गरेका छन। यस्तै पुजाका लागी सप्तरीबाट निर्वाचित प्रदेशसभा सदस्यद्वय महेश प्रसाद यादव र शतिस सिंहले जनही ५/५ हजारका दरले सहयोग उपलब्ध गराएको कैदी कामेश्वर यादवले बताए।

सरस्वती पुजा कैदीबन्दीहरुले पनि भब्यताका साथ मनाउने इच्छा देखाएपछी अनुमती संगै कारागारका कर्मचारीहरु मिलेर २ थान सरस्वतीको मुर्ती उपलब्ध गराइदिएको जेलर किशोर रामले बताए।

सरस्वती माताको पुजाका लागी कैदीबन्दीहरुले देखाएको चासोमा समर्थन मात्र होइन, ब्यक्तीगत तवरबाट कर्मचारीहरुले समेत मुर्ती खरिद गरी सहयोग जुटाईदिएको जेलर रामले बताए।

एक सय ५५ जना क्षमता रहेको राजविराज कारागारमा हाल ३ सय ७४ जना कैदीबन्दी छन्। क्षमता भन्दा तेब्बर कैदीबन्दी हुँदा विभिन्न समस्या झेलिरहेका बेला उनीहरुले विद्याकी देवी सरस्वतीमाताको पुजा गरी पापबाट मुक्ती तथा विद्या प्राप्तिका लागी पुजापाठ गरी प्रार्थना गरेका हुन्।

विगत ७ वर्ष देखी जेल जीवन विताइरहेका कैदी सलमान भन्ने मो.रफिक राईनले पापबाट मुक्ती तथा सत्य मार्गमा हिड्न ज्ञान र शक्ती प्राप्तीका लागी सबै मिलेर कारागार भित्र सरस्वती पुजा गरेका बताए। उनले आफु मुस्लिम समुदायका रहेपनि हिन्दु धर्म प्रति पनि उत्तिकै आस्था रहेको तथा सामाजिक सदभाव कायम गर्न समेत पुजामा सकृय भई सहभागि भएको सुनाए।

यता बसन्त पञ्चमीका अवसरमा जिल्लाका विभिन्न विद्यालय र कलेजका विद्यार्थी, शिक्षक, प्राध्यापकका साथै टोल/टोलमा स्थानीय युवाहरुले मुर्ती स्थापना र भब्य सजावट गरी श्रद्धापुर्वक सरस्वती पुजा मनाएका छन्।

# बुद्धबृद्धा तथा एकल महिलालाई सिरक वितरण

**दैनिक समाचारदाता**
**राजविराज, १२ गते ।**



मधेशी आयोगकी सदस्य आभासेतु सिंहले सप्तरीको डाक्नेश्वरी नगरपालिका तथा राजगढ गाउपालिकामा विहीवार विपन्न समुदायलाई सिरक वितरण गरेकी छिन।

सेतु समुदायिक विकास तथा मानव अधिकार मञ्च नामक संस्थाको समन्वयमा आफ्नै लगानीबाट सिहले ९४ जना विपन्न समुदायका बृद्धबृद्धा र एकल महिलालाई सिरक वितरण गरेकी हुन्।

जाडोबाट प्रभावित भईरहेका बेला विपन्न समुदायका बृद्धबृद्धा र एकल महिलाको घरमै पुगेर उनले सिरक बितरण गरेकी हुन्।

सिरक वितरणका अवसरमा गरिएको घरदैलोमा सेतु सामुदायीक विकास तथा मानव अधिकार मञ्च सप्तरीका अध्यक्ष जंग बहादुर सिंह, डाक्नेश्वरी नगरपालिकाका प्रमुख राम लखन मुखिया, उपप्रमुख मिरादेवी यादव लगायतको उपस्थिती रहेको थियो।

# विद्युत चुहावट गर्ने १६ जना पक्राउ, प्रहरीद्वारा लागु औषधबारे जनचेतना तथा गाँजाको बोट नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ।**

सप्तरी प्रहरीले विद्युत चुहावट गर्ने व्यक्तिहरुलाई पक्राउ गरेको छ भने लागु औषध सम्बन्धी जनचेतामूलक कार्यक्रम सम्पन्न गरेको छ। यस्तै प्रहरीले गाँजाको बोटहरु पनि नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरी र नेपाल बिद्युत प्राधिकरण राजविराज बितरण केन्द्रका कर्मचारीहरुको संयुक्त टोलीले जिल्लाको बोदेबरसाइन नगरपालिका, विष्णुपुर गाउँपालिका, छिननमस्ता गाउँपालिका र बलान बिहुल गाउँपालिकाबाट १६ जनालाई नियन्त्रणमा लिएको जनाइएको छ।

बिद्युतको पोलबाट हुक लगाएर बिद्युत चुहावट गरेको भन्दै ती व्यक्तिहरुलाई नियन्त्रणमा लिई बिद्युत नियम बमोजिम कारवाही गरिने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै प्रहरीले लागु औषध सम्बन्धी जिल्लाको विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्लाको कंचनरुप नगरपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, सुरुङ्गा नगरपालिका लगायतमा समुदायस्तरमा उक्त जनचेतनामूलक कार्यक्रम संचालन गरेको हो।

यसैगरि प्रहरीले जिल्लाको राजगढ गाउँपालिका ३ स्थित सुब्बा यादव र भागवत यादवको घरमा लगाइएको लागु औषध गाजाको ६५ वटा बोट फडान गरि आगो लगाई नष्ट गरेको जनाएको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।
➢ सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
➢ यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
➢ सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
➢ सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
➢ सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
➢ तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
➢ आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
➢ ट्राफिक नियमको पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*